## मिति २०७६।१२।२१ गते बसेको कार्यपालिका बैठकको निर्णय :

**प्रस्ताव नं. १ : मापदण्ड स्वीकृत सम्वन्धमा ।**

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा टीकापुर नगरपालिकाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने सम्वन्धी राहत मापदण्ड, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : राहत सम्बन्धमा ।**

निर्णय नं.२ : प्रस्ताव नं. २ माथि छलफल गर्दा विश्वभरी महामारीको रुपमा फैलिसकेको कोरोना भाइरसको संक्रमणका कारण हालको विषम परिस्थितिमा राहत तथा रोकथामको लागि विभिन्न संघ संस्था तथा व्यक्तिहरुले राहत सामग्री उपलब्ध गराउँदा नगरपालिकाको मापदण्ड बमोजिमको मात्र उपलब्ध गराउन सम्बन्धित सबैलाई जानकारी गराउने र उक्त राहत एकद्धार प्रणाली नगरपालिकासँग समन्वय गरी उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : तथ्यांक संकलन / अभिलेखीकरण सम्बन्धमा ।**

**निर्णय नं. ३ :** विश्वभरी महामारीको रुपमा फैलिसकेको विषम परिस्थितिमा देश लकडाउनको अवस्थामा रहेको र उक्त समयमा विपन्न तथा अति गरिव परिवारले ज्याला मजदुरी गर्न नपाएर खानाको समस्या परेका परिवारको तथ्यांक संकलन/अभिलेखीकरणका लागि तपसिल बमोजिमकोलाई जिम्मेवारी दिने निर्णय गरियो ।

१.संयोजक :.सूचना प्रविधि अधिकृत :श्री चित्रराज उपाध्याय

२. सदस्य : द एशिया फाउण्डेशन सु.प.फिल्ड संयोजक : श्री यज्ञमान सेठी

३.सदस्य : कमिटेड नगरपालिका संयोजक : परमानन्द पाण्डे

**प्रस्ताव नं. ४ : अनुमोदन सम्बन्धमा ।**

निर्णय नं.४ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा कोरोना भाईरस सम्बन्धी मिति २०७६।११।२५ देखि मिति२०७६।१२।१८ गते सम्म भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

टीकापुर नगरपालिका टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

**प्रस्ताव नं. ५: बजेट रकमान्तर सम्बन्धमा ।**

**निर्णय नं.५:** प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व.२०७६/७७ का लागि तपसिल बमोजिमको ब.उ.शि.नं.हरुमा विनियोजित बजेटलाई आगामि नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकको | | रकमान्तर गर्नुपर्ने कारण | रकमान्तर भई कायम हुने | | बजेट थप वा घट |
|---|---|---|---|---|---|---|
| | शिर्षक | रकम | | शिर्षक | रकम | |
| क | ब.उ.शि.नं. : कार्यालय संचालन तथा प्रशासनिक - चालु खर्च | | | | | |
| १ | पारिश्रमिक कर्मचारी (२११११) | ३४१७५०००.०० | यस शिर्षकको खर्चलाई हेर्दा बजेट बचत हुने देखिएकोले | पारिश्रमिक कर्मचारी | ३११७५०००.०० | -३००००००.०० |
| २ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च (२२३१५) | १००००००.०० | यस शिर्षकको खर्चलाई हेर्दा बजेट अपुग हुने देखिएकोले | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २००००००.०० | १००००००.०० |
| ख | ब.उ.शि.नं. : टीकापुर नगरपालिका केन्द्र-चालु खर्च | | | | | |
| १ | विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन (२७२१२) | ३५०००००.०० | COVID-19 को रोकथामका लागि आवश्यक सामान/उपकरण खरिद, राहत वितरण तथा सो सम्बन्धि आवश्यक अन्य खर्चका लागि तत्काल बजेट आवश्यक भएकोले | विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन | ५५०००००.०० | २००००००.०० |
| | | ३८६७५०००.०० | **संशोधन गर्दा भएको जम्मा थप वा घट** | | ३८६७५०००.०० | ० |

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख